# जल तथा ऊर्जा परामर्शदाता संघ नेपालको कोषाध्यक्षबाट प्रस्तुत

# आर्थिक बर्ष २०७१/७२ को आर्थिक विवरण तथा प्रथम चौमासिक २०७२/७३ को आय व्यय विवरण

सम्पूर्ण आजीवन, मानार्थ तथा साधारण सदस्य ज्यूहरु ,

संस्थाका अध्यक्ष लगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरु,

लगायत अन्य आगन्तुक व्यक्तित्वहरु ,

नमस्कार ।

सर्वप्रथम त म जल तथा ऊर्जा परामर्शदाता संघ नेपालको कोषाध्यक्षको तर्फबाट यस कार्यकालमा सहयोग गर्नुहुने सम्पूर्ण संस्थाका सदस्य, पदाधिकारी तथा अन्य विभिन्न संघ संस्था एवं व्यक्तित्वहरुमा हार्दिक नमस्कार व्यक्त गर्न चाहन्छु ।

यस संस्थाको स्थापना देखि नै यस संस्थाले जल तथा ऊर्जा क्षेत्रमा काम गरिरहेका परामर्शदाता संस्था एवं व्यक्तित्वहरुसँगको सहकार्यमा विभिन्न क्षमता अभिवृद्धि तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमहरु संचालन गर्दै आएको र परामर्शदाता संस्थाहरुका नीतिगत सवालहरुलाई संस्थागत गर्न समेत उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । यस्तै अभियान अर्न्तगत आर्थिक वर्ष २०७१/७२ मा पनि केही महत्वपूर्ण गतिविधिहरु संचालन गरिएका छन् । विशेष गरी यस प्रतिवेदनमा आर्थिक बर्ष २०७१/७२ मा यस संस्थाको आय व्ययको विवरण , २०७२/७३ को शुरुवात देखि हालसम्मको आर्थिक स्थिति र हाल संस्थाको आय व्ययको विवरण प्रस्तुत गर्ने जमर्को मैले यस प्रतिवेदनमा गरेको छु ।

**(क) आर्थिक बर्ष २०७१/७२ को आयको विवरण**

**(अ) आय विवरण**

यस आर्थिक बर्षमा लघु जलविद्युत तालिम संचालन, साधारण सदस्यता नवीकरण, व्याज आम्दानी गरी कुल रु. ९,१४,०५० आम्दानी भएको छ र जुन यस प्रकार छ ।

| S.No. | Income Source | This Year Amount (NRs) |
|---|---|---|
| 1 | Income from Consultancy | 911800 |
| 2 | Interest Income | 2250 |
| | **Total** | **9,14,050.00** |

**(आ) खर्च विवरण**

यस आर्थिक बर्षमा विभिन्न शिर्षकहरुमा गरी कुल रु. ९,६४,८६८/३७ खर्च भएको छ जुन यसप्रकार रहेको छ ।

| S.N. | Particulars | This Year Amount (NRs) |
|---|---|---|
| 1 | Registration Expenses | |
| 2 | House Rent | 42,000.00 |

| | | |
|---|---|---|
| 3 | Survey Design Training Expenses | 371,420.80 |
| 3 | Stationery (Sch: II) | |
| 4 | AGM Expenses (Sch: III) | 56,065.57 |
| 5 | Staff Salary (Sch: IV) | 420,500.00 |
| 6 | Papers and Magazine (Publications) (Sch: V) | 32,250.00 |
| 7 | Office Expenses (Sch VI) | 30,677.00 |
| 8 | Audit Fee | 5,000.00 |
| 9 | Travels | 3,000.00 |
| 10 | Web Page Designing (wecan.org.np) | 3,955.00 |
| 11 | Sponsorship (Sch VII) | - |
| | Total | 964868.37 |

**(इ) कुल नाफा / नोक्सानको विवरण**

यस अवधिमा कुल रु. ५९,५४३.२७ नोक्सान भएको छ ।

**(ई) बैंक मौज्जाद विवरण**

यस संस्थाको खाता ज्योती विकास वैंक, असन शाखा, असनमा रहेको छ र शुरुको मौज्जाद रु. १,२०,६९६.१२ रहेकोमा २०७१ साल असार मसान्तको मौज्जाद रु.४८,६४७.३४ रहेको छ ।

**(ख) २०७१/४/१ देखि २०७२/१०/२९ सम्मको आय व्ययको विवरण**

यस अवधिमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र /ग्रामीण जीविकोपार्जनको लागि नवीकरणीय ऊर्जा कार्यक्रमको सहयोगमा Training on mini/ Small Hydropower Design तालिम संचालन गरी रु. ९ लाख बराबरको काम (भ्याट सहित) काम भएको छ । साथै साधारण सभामा झण्डै एक लाख खर्च हुने अनुमान गरिएको छ । माथि उल्लेखित खर्च समेत कटाउँदा हाल एक लाख पचास हजारको हाराहारीमा विक्यानसँग नगद मौज्जाद रहने स्थिति छ । संस्थालाई आर्थिक रुपमा सबल बनाई राख्को लागि आगामी कुनैपनि कार्यक्रमहरु संचालन गर्दा संस्थाले नियमित खर्च तथा कार्यक्रमहरु समेत संचालन गर्नका लागि आँफैले आर्थिक श्रोतहरु जुटाएर गर्नु पर्ने देखिएको छ र यसको लागि सम्पूर्ण संस्थाका सदस्य तथा पदाधिकारीहरुको रचनात्मक भूमिका अपरिहार्य देखिएको छ ।

अन्तमा यस कार्यकालमा यस संस्थाका विभिन्न गतिविधिहरु संचालन गर्न र संस्थाको जीवन्तता कायम राख्नका यस संस्था र कोषाध्यक्षको हैसियतमा मलाई समेत सहयोग गर्नुहुने सम्पूर्ण सदस्य, संस्था एवं पदाधिकारीहरुलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

……………………

कालिदास न्यौपाने

कोषाध्यक्ष

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल